सर्वोच्च अदालत, संयुक्त इजलास
मानननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश डा.श्री आनन्द मोहन भट्टराई

**आदेश**

विषय :- अन्तरिम आदेश जारी गरी पाउँ ।

०७६-WO-०९३३

अधिवक्ता विष्णु लुइटेलसमेत ------------------------------------------------------------------निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत------------------- विपक्षी

०७६-WO-०९३४

सर्वोच्च अदालत बार एशोसिएसनको तर्फबाट अधिवक्ता पुष्पराज पौडेलसमेत----------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को सचिवालय, सिंहदरबार, काठमाडौंसमेत------------------ विपक्षी

०७६-WO-०९३६

अधिवक्ता मुकुन्द अधिकारी---------------------------------------------------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत------------------- विपक्षी

**मुद्दाः परमादेशसमेत।**

अन्तरिम आदेश छलफलका निमित्त पेश भएको प्रस्तुत रिट निवेदनहरुसहितको मिसिल कागजात अध्ययन गरियो ।

निवेदक अधिवक्ता श्री विष्णु लुइटेलसमेत भएको रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री राजु बस्नेत र श्री गोपाल कृष्ण घिमिरे विद्वान अधिवक्ताहरु श्री पूर्णिमा रिमाल गुरागाई, श्री कलम बहादुर खत्री, श्री विकास भट्टराई, श्री अनन्तराज लुइटेल, श्री सरोजकृष्ण घिमिरे, श्री सन्तोष भण्डारी, श्री सुजन नेपाल, श्री लक्ष्मी (नानी) थापा, श्री कमल कोइराला, श्री प्रतिभा उप्रेती र निवेदक विद्वान अधिवक्ता श्री विष्णु लुइटेल एवं निवेदक सर्वोच्च अदालत बार एशोसिएसनको तर्फबाट अधिवक्ता पुष्पराज पौडेलसमेत भएको रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री रवी नारायण खनाल, श्री खगेन्द्र प्रसाद अधिकारी, श्री राजु बस्नेत र श्री गोपालकृष्ण घिमिरे विद्वान अधिवक्ताहरु श्री पूर्णिमा रिमाल

गुरागाई, श्री सुरेन्द्र थापा, श्री राजु आचार्य, श्री टिकाराम भट्टराई, श्री विष्णु लुइटेल, श्री गोविन्द प्रसाद शर्मा बन्दी, श्री रुद्र प्रसाद नेपाल, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री राजु खड्का, श्री अम्बर बहादुर राउत, श्री विकास भट्टराई, श्री पंकज कुमार कर्ण, श्री भुवन प्रसाद वाग्ले, श्री कल्याण पोखरेल, श्री लक्ष्मीदेवी दाहाल रावल, श्री रमण कुमार कर्ण, श्री सन्तोष भण्डारी एवं निवेदक अधिवक्ताद्वय श्री पुष्पराज पौडेल र श्री सरोजकृष्ण घिमिरे तथा निवेदक अधिवक्ता मुकुन्द अधिकारी भएको रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रवी नारायण खनाल तथा विद्वान अधिवक्ताहरु श्री सुरेन्द्र थापा, श्री टिकाराम भट्टराई, श्री विष्णु लुइटेल, श्री गोविन्द प्रसाद शर्मा बन्दी, श्री धनञ्जय खनाल, श्री रुद्र प्रसाद नेपाल, श्री डिल्ली मैनाली, डा.श्री दिनमणि पोखरेल, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री अम्बर बहादुर राउत, श्री विकास भट्टराई, श्री अनन्तराज लुइटेल, श्री शान्तीदेवी खनाल, श्री लक्ष्मीदेवी दाहाल रावल, श्री सूर्य बहादुर गुरुङ्ग, श्री युवराज गौतम, श्री सन्तोष भण्डारी, श्री सुजन नेपाल, श्री लक्ष्मी (नानी) थापा, श्री कमल कोइराला र श्री प्रतिभा उप्रेती एवं निवेदक विद्वान अधिवक्ता श्री मुकुन्द अधिकारी तथा विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित माननीय महान्यायाधिवक्ता श्री अग्नी प्रसाद खरेल, विद्वान नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय र विद्वान सह न्यायाधिवक्ता श्री संजिवराज रेग्मीले गर्नु भएको बहससमेत सुनियो।

यसमा पेश भएका तीनवटा निवेदनमा लिइएका जिकिरहरुमा विगत केही समयदेखि नेपाल लगायत विश्वभरि नै फैलिएको कोविड–१९ को महामारीद्वारा सिर्जित परिस्थितिको सन्दर्भमा नेपालको संविधानको धारा १६, १८, ३५, ३६ समेतद्वारा प्रत्याभूत मौलिक हकहरु, विद्यमान नेपाल कानूनद्वारा गरिएका व्यवस्थासमेतको सन्दर्भमा केही पृथक पृथक कोणबाट जिकिरहरु गर्दै आदेश जारी हुनुपर्ने माग गरे तापनि मूल विषय भने कोविड-१९ को महामारीको कसरी समाधान गर्ने, नागरिकको सुरक्षा के कसरी गर्ने भन्ने विषयसँग सम्बन्धित देखियो ।

सो सन्दर्भमा अधिवक्ता श्री विष्णु लुइटेलसमेतको निवेदनमा मिति २०७६।१२।१७ गते, श्री पुष्पराज पौडेलसमेतको निवेदनमा मिति २०७६।१२।१८ गते र श्री मुकुन्द अधिकारीको निवेदनमा मिति २०७६।१२।२१ गते भएको आदेशबमोजिम प्राप्त प्रतिवेदन र निर्णयहरुको अध्ययन गरियो । साथै सरकारद्वारा भए गरेका कार्यहरुका सम्बन्धमा विद्वान महान्यायाधिवक्ता, विद्वान नायब महान्यायाधिवक्ता तथा विद्वान सह न्यायाधिवक्ताले गर्नुभएको बहस र स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटा तथा स्वास्थ्य सेवा- विभागका महानिर्देशक श्री महेन्द्रप्रसाद श्रेष्ठले स्वास्थ्य मन्त्रालयबाट भए गरेको काम कारवाही बारे इजलाससमक्ष व्यक्त गर्नु भएका कुराहरुसमेत सुनियो । उहाँहरुले गरेको जिकिर र पेश भएको विवरणसमेतबाट नेपाल

सरकार मन्त्रीपरिषद्को मिति २०७६।११।१८ को निर्णय बमोजिम "नेपाल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" गठन भई सो समितिले मिति २०७६।११।१८ देखि हालसम्म गरेका निर्णयहरु, सो निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहद्वारा चालिएका कदमहरुको बारेमा, रोगको परीक्षण, क्वारेन्टाइन, आइसोलेशन, उपचार तथा राहत वितरणहरुसमेतका बारेमा जानकारी प्राप्त भयो । हाल सरकारद्वारा गरिएको निर्णयबमोजिमका कार्यहरु तथा लकडाउन र सो कारण व्यक्तिहरुको आवागमन रोकिन गएको कारण महामारी विस्तारलाई नियन्त्रणमा राख्न सहयोग पुगेको महसुस भएको छ । अदालत सरकारद्वारा भएका ती कार्यहरुको सराहना गर्दछ । सरकारी कदमहरुप्रति जनस्तरबाट भएको सहयोगको पनि अदालत प्रशंसा गर्दछ । तर यो रोगको नियन्त्रणमा समय अत्यन्त महत्वपूर्ण छ र समय भित्र नियन्त्रणका कार्यहरु हुन नसकेमा भयावहपूर्ण स्थिति सिर्जना हुन सक्ने कुरालाई मध्यनजर गर्दै नेपालको संविधानको धारा १३३ अन्तर्गत देहायबमोजिमको आदेश जारी गरिएको छ :

(क) राहत सम्बन्धमा हाल स्थानीय तहबाट कार्यहरु भएको देखियो । राहत वितरण गर्दा श्रम गरेर जीवन निर्वाह गर्ने, लकडाउनको कारण आय आर्जन रोकिएका व्यक्तिहरुलाई केन्द्रीत गरी र राहतको दुरुपयोग नहोस भनी पारदर्शितासमेत कायम गरी वितरण गर्ने । "नेपालमा कोही भोको पर्दैन, कोही भोको मर्दैन" भन्ने सरकारद्वारा घोषित नीतिलाई व्यवहारमा कार्यान्वयन गर्न त्यस्ता लक्षित व्यक्ति तथा परिवारको सही पहिचानमा कमी नआओस भन्नेतर्फ ध्यान केन्द्रीत गर्नू।

(ख) क्वरेन्टाइनको लागि देशको विभिन्न भागमा हाल २७८१८ बेड खडा गरिएको भन्ने जानकारी प्राप्त भयो । क्वरेन्टाइनको स्थापनामा WHO को मापदण्ड अनुशरण भए नभएको अनुगमनको व्यवस्था गर्नू । साथै विदेशबाट हवाइजहाज र स्थल मार्ग हुँदै नेपाल प्रवेश गरेका सबैलाई क्वारेन्टाइनमा राखेको नपाइदा स्थानीय तहमार्फत तिनीहरुलाई पत्ता लगाई उनीहरुलाई आवश्यकता अनुसार क्वारेन्टाइनमा राख्ने वा होम क्वारेन्टाइनमा निगरानीसहित राख्ने बारे घनिभूत प्रयास गर्नू ।

(ग) परीक्षणको हकमा हाल सो कार्य प्रदेश तहमा विस्तार गरिएको पाइयो । तर हालसम्म १६४५ जनाको मात्र परीक्षण गरेको पाइयो । यो संख्या अत्यन्त न्युन देखिंदा परीक्षण केन्द्रहरु उपत्यका बाहिर अन्य शहरी केन्द्रहरुमासमेत विस्तार गरी परीक्षणमा धेरैभन्दा धेरै जनताको सहज पहुँच पुर्‍याउनू ।

(घ) नेपालको ग्रामिण परिवेश र विकटतासमेतलाई दृष्टिगत गर्दा संक्रमणको सम्भावना भएका व्यक्तिहरुको परीक्षण, आइसोलेशन र उपचारसमेतको लागि स्थानीय तह र प्रशासनसमेतसँग समन्वय गरी छिटो भन्दा छिटो उपचार केन्द्र/अस्पतालमा पुऱ्याउन हेलिकप्टरद्वारा एयरलिफ्ट हुने व्यवस्थासमेत गर्नू ।

(ङ) कोभिड-१९ बाहेकका अन्य विरामीहरुको आकस्मिक स्वास्थ्य सेवाका साथै तत्काल गर्नु पर्ने आवश्यक उपचार प्रभावित नहुने व्यवस्था मिलाउनू ।

(च) निजी तवरमा संचालित अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुलाईसमेत सुरक्षित ढंगबाट सेवा सुचारु गर्न सक्ने वातावरण सिर्जनाका लागि PPE लगायतका आवश्यक स्वास्थ्य सामग्रीको उपलब्धताको सुनिश्चितता गरी निजी अस्पताललाई सेवा सुचारु गराउने व्यवस्था गर्नू र निजी अस्पतालद्वारा प्रदान गरिएको सेवाको हकमा मिति २०७६।१२।१८ को आदेशको कार्यान्वयनको अवस्था लिखितजवाफ पेश हुँदा स्पष्ट गर्नू।

(छ) कृषिजन्य कार्य कहिल्यै नरोकिने निरन्तरको कार्य हुँदा कृषि क्षेत्रमा संलग्न किसानहरुको सुरक्षा र राहतको व्यवस्था गर्नू ।

(ज) हाल मुलुकमा रहेका ICU Bed र भेन्टिलेटरसमेतलाई दृष्टिगत गर्दा सो संख्या नपुग रहेको र सोको विस्तार गर्न सरकार प्रयासरत रहेको जानकारी प्राप्त भयो । महामारीको प्रकोपलाई दृष्टिगत गर्दा भेन्टिलेटर र ICU Bed स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश तहमा रहेका अस्पतालमासमेत विस्तार गर्नू र त्यहाँका जनताको पहुँच शीघ्र बढाउनू ।

(झ) महामारीले के कस्तो रुप लिन्छ भन्ने कुरा यकिन नभएकोले यो आदेशको कार्यान्वयनको अवस्था हेरी अघि बढ्नु आवश्यक देखिंदा लिखितजवाफ पेश हुँदा सबै कुरा स्पष्ट गर्नु भनी विपक्षीहरुलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत जानकारी दिनू र लिखितजवाफ परेको वा पर्ने अवधि नाघेको १५ दिनभित्र प्रस्तुत निवेदनहरु सुनुवाईको लागि पेश गर्नू । सो हुँदा स्वास्थ्य मन्त्रालयका प्रवक्ता, स्वास्थ्य सेवा विभागका महानिर्देशक र महान्यायाधिवक्तासमेतलाई उपस्थितिको लागि जानकारी दिनू ।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७६ साल चैत्र २४ गते रोज २ शुभम् ------------------------------।